# मुसहर वालवालिकाहरुको शैक्षिक उपलव्धीस्तर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग, अन्तर्गत स्नातकोत्तर तह द्धितीय
बर्षको Ed.P.M . 598 को आंशिक आवश्यकता
परिपूर्तिकालागि प्रस्तुत

## शोधपत्र


<u>शोधार्थी</u>
वालेश्वर ठाकुर
एम्. एड्. दोश्रो वर्ष
क्याम्पस क्रमाङ्क : ५
परीक्षा क्रमाङ्क : १३००१५/२०६६
त्रि.वि. दर्ता नं. २२२६७-९३



**श्री सूर्यनारायण सत्य नारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा**
**२०७१**

त्रिभुवन विश्वविद्यालय
०३३-५२०३७८
०३३-५२००८२
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
मिति
पत्र संख्या :-
चलानी नं. :-

**मुसहर वालवालिकाहरुको शैक्षिक उपलव्धीस्तर** शीर्षक राखी स्नातकोत्तर तह (एम.एड) दोस्रो बर्षका विद्यार्थी वालेश्वर ठाकुरले मेरो निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नुभएको यस शोधपत्रलाई मूल्याङ्कनका लागि शैक्षिक योजना व्यवस्थापन विभाग समक्ष सिफारिस गर्दछु ।

.......................................

**धर्मराज सिंह**

**शोधनिर्देक**

मिति :

त्रिभुवन विश्वविद्यालय

०३३-५२०३७८
०३३-५२००८२

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव**
**बहुमुखी क्याम्पस, सिरहा**

मिति

पत्र संख्या :-
चलानी नं. :-

## स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवसथापन विषय, स्नातकोत्तर तह (एम.एड) दोश्रो वर्षका छात्र वालेश्वर ठाकुरले **मुसहर बालवालिकाहरुको शैक्षिक सपलब्धी स्तर** शीर्षकमा तयार पारेको शोधपत्र मूल्यांकन समितिमा स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. रामहित यादव .................................
(क्याम्पस प्रमुख)

२. धर्मराज सिंह .................................
शोधनिर्देशक

३. उप-प्रा. गणेश प्रसाद खनाल .................................
बाह्य परीक्षक

मिति : २०७२/ /

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्तसम्म नियमित रूपले अध्ययनका क्रममा प्राप्त सैद्धान्तिक ज्ञानलाई आफ्नो अमूल्य समय खर्च गरेर व्यवहारिक रूप दिने साथै मेरो अध्ययनमा आवश्यक सुपरिवेक्षण, मार्गनिर्देशन एवम् सहयोग प्रदान गर्नुहुने गुरु श्री धर्मराज सिंह ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य गर्नका लागि स्वीकृति प्रदान गर्नका साथै उपयुक्त सल्लाह र सुझाव प्रदान गर्नुहुने क्याम्पस प्रमुख/विभागीय प्रमुख रामहित यादव ज्यूप्रति कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

त्यसैगरी मलाई स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गराउने सिलसिलामा यहाँ सम्म ल्याइ पुऱ्याउने ग्रामिण परिवेशमा बसोबास गरी कृषि पेशा आत्मसात गर्नुभएका मेरा पूजनीय आमाबुबा, दाजुभाउजु, इष्टमित्रबाट भएको अथक प्रयासको म सधै ऋणि छु ।

मुसहर समुदायका अगुवा ज्ञानी सदा, सहयोगी स्थानीय युवा गुदरी सदा प्रति कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी यस समुदायमा आ-आफ्नो शैक्षिक कार्यक्रम संचालन गर्ने दलित समाज सेवा संघ लाहानका (कार्यक्रम संयोजक) महेश प्रसाद मंडल, स्वावलम्वन विकास बैंक सिरहा तथा रेडक्रस शाखा सिरहा DSA का प्रमुख ज्यूहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी अध्ययनको क्रममा सहायक तथ्याङ्क उपलब्ध गराउन सहयोग गर्नुहुने जि.वि.स.सिरहाका कर्मचारीहरु, गा.वि.स. राजपुरका सचिव, केन्द्रीय तथ्याङ्क विभाग थापाथली, काठमाडौँका पुस्तकालय प्रमुख प्रति कृतज्ञता व्यक्त गर्दछु ।

त्यसैगरी अध्ययनको क्रममा पूर्व साहित्य समिक्षामा प्रयोग गरीएका मुसहरहरु सम्बन्धमा अनुसन्धान, लेख रचना, पुस्तक जुटाउनुहुने लेखक तथा सम्पादकप्रति आभार व्यक्त गर्दछु ।

**वालेश्वर ठाकुर**

# शोध सार

*"मुसहर जातिको शैक्षिक अवस्था र सोको विकासमा संघ संस्थाको भूमिका" शीर्षक यो शोधपत्र सिरहा जिल्लाको राजपुर गा.वि.स. वडा नं. ६ मा बस्ने मुसहर समुदायको शैक्षिक अवस्था र सो समुदायमा विभिन्न संघसंस्थाद्वारा संचालित शैक्षिक कार्यक्रमको प्रभावकारिता पहिचान गर्ने प्रमुख उद्देश्य रहेको थियो ।*

*अध्ययनको क्रममा अध्ययन क्षेत्रको कूल जनसंख्या ४८५ जना रहेकोमा शैक्षिक सर्वेक्षण सम्पूर्ण जनसंख्या विच गरियो भने औपचारिक शिक्षाका कार्यक्रम विहानी कक्षामा ४० जना र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा ५५ जना रहेका थिए । यसरी अध्ययन कर्ताले सम्पूर्ण सहभागीबाट purposive sampling को आधारमा १६ जना नमूना अर्न्तवार्ता र अवलोकनका लागि छनौट गरियो भने कार्यक्रमका सहयोगी कार्यकताहरुबाट प्रत्येक संस्थाका कार्यक्रमबाट १-१ जना अर्न्तवार्ताका लागि तथा संघ संस्थाका प्रमूखहरुलाई प्रश्नावलीको लागि छनौट गरियो । अध्यनको क्रममा उपयुक्त र उद्देश्य मूलक तथ्याङ्क प्राप्तीका लागि चार वटा अध्ययनका साधनहरु सर्वेक्षण, प्रश्नावली, अर्न्तवार्ता र अवलोकन प्रयोग गरियो । शैक्षिक सर्वेक्षणमा मुसहरहरुको महिला र पुरुषको जनसंख्या, पारिवारिक विवरण, वालबालिका, व्यस्क र उनीहरुको पेशा व्यवसायका साथै उनीहरुको शैक्षिक अवस्था समावेश गरिएको थियो । मुसहरहरुको शैक्षिक अवस्थाका निम्ति गरिएको शैक्षिक सर्वेक्षणमा उनीहरुको समूदायमा दलित समाज सेवा संघ लाहन, स्वाबलम्बन विकास बैंक सिरहा, नेपाल रेडक्रस सोसाइटी सिरहा र DSA in Nepal, जस्ता संस्थाहरु औपचारिक तथा अनौपचारिक शिक्षण विभिन्न कार्यक्रमहरु संचालन गरेको देखियो । मुसहरहरुको शिक्षा प्रतिको आर्कषण विगत भन्दा बढदो रुपमा रहेको देखियो । यस समूदायमा औपचारिक शिक्षातर्फ ६३ जना रहेकोमा विहानी कक्षामा ४० जना समावेश भएको पाइयो । औपचारिक शिक्षातर्फ रहेको सहभागीता सम्पूर्ण जनसंख्याको २२.४८% हुन्छ । त्यसैगरी अनौपचारिक शिक्षामा ५५ जना रहेको देखियो, जुन सम्पूर्ण जनसंख्याको ११.४२% हुन्छ । सर्वेक्षणको क्रममा अनौपचारिक शिक्षा तर्फ महिलाहरु पुरुष भन्दा अगाडि देखिए भने अनौपचारिक शिक्षा तर्फ पुरुष अगाडी रहेको देखियो ।*

*अध्ययनको क्रममा संकलित तथ्यांकहरूको विश्लेषण अन्तर्गत प्रश्नावलीबाट प्राप्त सूचनालाई संघसंस्थाको उद्देश्य तथा कार्यक्रमहरूको संचालन तथा गतिविधि, सहभागीको अवधारणा, सहभागी हुनाको कारण, सम्बन्धी अवधारणा, प्रभावकारी कार्यक्रम, नयाँ*

*कार्यक्रमसम्बन्धी अवधारणा, सहभागीको दैनिक जीवन र कार्यक्रमको प्रभाव तथा शैक्षिक अवस्था सुधारका उपयाहरू गरी विभिन्न बुँदामा संगठित गरियो । त्यसैगरी अन्तरवार्ता कार्यक्रमका सहभागी र कर्मचारीसँग गरिएको थियो । सहभागीसँग गरिएको अन्तरवार्तालाई संघसंस्था र तिनका कार्यक्रम, कार्यक्रम संचालन गर्ने, समय तथा गतिविधि स्वास्थ्य सम्बन्धी जानकारी, सहभागीको आर्थिक अवस्था, सहयोगीको जीवनमा कार्यक्रमले पारेको प्रभाव र थप कार्यक्रमको आवश्यकता जस्ता बुँदाहरूमा प्राप्त सूचनाहरूलाई वर्गीकृत, संगठित गरियो । त्यसैगरी कर्मचारीसँग गरिएको अन्तवार्तामा सहभागीको स्वास्थ्य सम्बन्धी जानकारी, गणितीय सीप एवम् लेखपढ सम्बन्धी जानकारी, दैनिक व्यवहारिक जीवनको जानकारी तथा कार्यक्रम संचालन अघिको गतिविधि एवम् बानी व्यवहार जस्ता क्षेत्रका जानकारीहरूलाई प्रश्नहरूमा संगठित गरिएको थियो ।*

*कर्मचारीसँग गरिएको अन्तरवार्तामा कर्मचारीहरूले मिश्रित प्रतिक्रिया दिएको पाइयो । सहभागीहरूको सरसफाईको अवस्था अधिकांशले सामान्य तर्फ रहेको प्रतिक्रिया दिएको, गणितीय सीप तथा चिठि लेखपढ पनि धेरै राम्रो हुन नसकेको तथा कार्यक्रम संचालन अवधिको गतिविधि राम्रो हेर्न नसकेको बताएको थियो । सहभागीहरूले कार्यक्रमहरु उनीहरुको इच्छा, आवश्यकता एवम् रुचिलाई चिन्ने कार्य गर्न नसकेको पाइयो । सहभागीहरूमा सरसफाई सम्बन्धमा वैज्ञानिक सोच विकसित हुन नसकेको, स्वास्थ्यसम्बन्धी अवधारणामा प्रभावकारी गराउन नसकेको, आफ्नो परम्परागत कृषि मजदुरलाई अधिकांसले स्वीकार गरेको तथा जीवनशैली परिवर्तन गर्न नसकेको बताएको भए पनि फूर्सदको समय सदुपयोग, साक्षर हुन पाउनु, अरूबाट ठगिनबाट जोगिनु तथा जीवन सकारात्मक परिवर्तन ल्याएको बताए ।*

*प्रश्नवलीमा संघसंस्थाका प्रमुखहरूले अध्ययन क्षेत्रमा दलित समाज सेवा, रेडक्रस सोसाइटी सिरहा, तथा DSA in Nepal लगायत संस्थाहरू उनीहरूको संस्थाहरु अ-आफ्ना कार्यक्रमहरु संचालन गर्ने गरेको, आफ्नो कार्यक्रमहरू विदेशी संघसंस्थासँग सम्झौता तथा आर्थिक सहयोगमा संचालन गर्ने गरेको, उनीहरूको समूदायमा संचालिन कार्यक्रमहरू शैक्षिकभन्दा आर्थिक बढी प्रभावकारी भएको, कमजोर आर्थिक अवस्थाका कारण शैक्षिक कार्यक्रमहरुमा सहभागी कम भएको बताएको थियो । कार्यक्रमहरुको प्रथामिकताप्रति संस्थाहरूले शैक्षिक भन्दा आर्थिकमा बढी दिएको भए पनि शैक्षिक कार्यक्रमलाई दलित समाज सेवा संघ लाहन, DSA Nepal  केन्द्रविन्दु बनाएको पाइयो । रेडक्रस सोसाइटीले*

*सहभागीको जीवनमा संचालित कार्यक्रमहरुले सकारात्मक परिवर्तन  पाएको, त्यसैगरी दलित समाजसेवा संघले संचालित कायृक्रमबाट नागरिक चेतना, बाल अधिकार शिक्षाप्रतिको अवश्यकता बोध भएको त्यस्तै सवावलम्वन विकास  बैंक र DSA in Nepal पनि मुसहरहरूमा पढाईप्रति झुकाव बढाएको पाइयो । ती संस्थाका प्रमुखहरूले शैक्षिक अवस्था सुधारका उपायहरू निःशुल्क शिक्षा चेतनामूलक कार्यक्रमदेखि उच्च शिक्ष उपलब्ध गराउनु पर्ने तथा दलितहरूको निम्ति प्रदान गर्ने छात्रवृत्ति सुविधामा पुनः विचार गर्नुपर्ने विचार व्यक्त गरेका थिए । सहभागिहरूको पढाईलेखाई सम्बन्धी , उनीहरू चिठी, पोस्टर पढ्न सक्ने सीप, संख्यात्मक गन्ती सम्बन्धी सीप गाडीको नम्बर, विजुलीको बिल, तथा अन्य विल पढ्न र लेख्न सक्ने सीप, तथा सरसफाई सम्बन्धी आफ्ना दैनिक काम चलाउन सक्ने बानी व्यवहार अवलोकन गरियो ।*

*अध्ययन क्षेत्रमा क्रियाशील संघसंस्थाहरू आर्थिक कार्यक्रमतिर बढी अग्रसर भएको पाइयो । चारवटै संस्थाका कार्यक्रमहरूको संचालन गरेपछि कार्यक्रमहरू निश्चित शर्तमा संचालन गरेको, कार्यक्रमले बहुसंख्यक मुसहर समुदायको भावना बुझ्न नसकेको, कार्यक्रम सहभागीहरूले संचालित कार्यक्रम रोजगारमूलक आर्यआर्जनमा सहयोगी एवम् सैद्धान्तिक ज्ञान केन्द्रित भएको पाइयो ।*

*यस्ता परिवेशमा मुसहर समुदायको शैक्षिक पक्ष विकासमा संघसंस्थाले कार्यक्रको पाठ्यक्रम तथा योजना स्थानीय शिक्षविद्, समाजसेवी, राजनैतिक, समाजशास्त्री एवम् संस्कृतिविद्सँग छलफल गरेर गर्नुपर्ने कार्यक्रम मुसहरहरूको स्थाननीयलाई बुझ्ने किसिमको हुनुपर्ने, कार्यक्रम मुसहरहरूको मातृभाषामा हुनुपर्ने, कार्य संचालनपूर्व प्रचारप्रसार व्यापक गर्नुपर्ने, सहयोगी कार्यकर्ताको छनौट उनीहरूकै समुदायबाट लिनुपर्ने, पाठ्यक्रममा समाहित विषयवस्तु जातीय, क्षेत्रीय, धार्मिक तथा समाजिक कुरिती, विसंगति विरोध गर्ने खालका हुनुपर्ने, कार्यक्रममा सहभागीहरु बढी सचेत क्रियाशील हुनुपर्ने, संघसंस्थाले कार्यक्रमको सुपरिवेक्षण, आन्तरिक मुल्याङ्कन गर्नु पर्ने, जस्ता सुझावहरु छुट्टछुट्टै रुपमा संघसंस्थाहरु, कार्यक्रममा सहयोगी कार्यकर्ता तथा सहभागिहरुलाई प्रस्तुत गरिएको थियो ।*

# विषय सूची


सिफारिस -पत्र i

स्वीकृति-पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv-vi

परिच्छेद एक

परिचय १-९

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनका उद्देश्य ८

१.५ अनुसन्धान प्रश्न ८

१.६ अध्ययनको परिसिमा ९

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका १०-१७

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ अध्ययनको सैद्धान्तिक खाका १५

२.३ पुनरावलोकनको उपादेयता १६

परिच्छेद तीन

अध्ययन विधि १८-२२

३.१ अनुसन्धान ढाँचा १८

३.२ अध्ययनको जनसंख्या तथा नमूना छनौट १८

३.३ जनसंख्या र नमुना छनौट १९

३.४ तथ्याङ्क संकलनका साधनहरु १९

३.५ तथ्याङ्क संकलनका प्रक्रिया २१

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २२

## अध्याय चार

## तथ्याङ्कको विश्लेषण तथा व्यवस्था २३-३९

४.१ शैक्षिक सर्वेक्षणको विश्लेषण २३

४.२ प्रश्नावली सम्बन्धी जानकारी २५

४.३ अन्तर्वार्ता सम्बन्धी जानकारी ३१

४.४ कार्यक्रममा कर्मचारीसँग गरिएको अन्तर्वाताको विश्लेष ३६

४.५ अवलोकन ३८

## परिच्छेद पाँच

## निष्कर्ष तथा सुझावहरु ४०-५१

५.१ निष्कर्ष ४०

५.२ सुझावहरू ४५

५.२.१ नितिगत तह ४६

५.२.२ कार्यान्वयन तह ४७

५.२.३ अनुसन्धान तह ४९